आज मिति २०७७ मंसिर १८ गते बिहीबारको दिन दिउसो १:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ९५ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सिहँ थापा | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)

२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/०८/१७ गते नगर प्रमुखज्यूबाट मिति २०७७/०८/१८ गते नगर कार्यपालिकाको ९५ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | नगरबासीहरुको कोरोना बिमा सम्बन्धमा । | • काठमाडौं जिल्लामा दिनानुदिन बढिरहेको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणलाई मध्यनजर गर्दै यस नगरपालिकाको नागरिकहरुको स्वास्थ्यलाई प्राथमिकता दिदै नगरबासी स्वास्थ्य उपचारबाट बञ्चित हुन नपरोस र आर्थिक कारणबाट समेत जिवन जोखिममा नहोस् भन्ने उद्देश्यले यस नगरपालिकाको पाँचौ नगर सभाको नीति तथा कार्यक्रमले समेत कोरोना बिमाको सम्बन्धमा नीतिगत व्यवस्था गरेको र मिति २०७७/०७/१७ गते बसेको नगर विपद व्यवस्थापन समितिको बैठकबाट समेत सम्पूर्ण नगरबासीहरुको कोरोना बिमा गर्नको लागी अनुरोध भएको हुदाँ यस नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने नागरिकहरुको कोरोना बिमा गर्ने र उक्त बिमा यस कार्यालयमा प्रस्ताव पेश गर्ने बिमा कम्पनीहरु मध्येबाट मुल्याङ्कन गरी उपयुक्त प्रस्ताव पेश गर्ने कम्पनीसँग सम्झौता गर्ने । |
| २. | पि.सि.आर.जाँच सम्बन्धमा ।<br>प्रतिलिपि प्रमाणित<br>(दिपक कुमार के.सी.)<br>यो.अ.तथा प्र.अधिकृत | • काठमाडौं उपत्यकामा समेत महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) को संक्रमण यस नगरपालिकामा समेत भएको हुदाँ हाल दिनानुदिन बढ्दै गएको संक्रमण रोकथाम तथा नियन्त्रणका लागी नेपाल सरकारबाट लक्षित वर्ग बाहेक अन्यको हकमा निःशुल्क PCR (पि.सि.आर) परिक्षण गर्ने कार्य बन्द भएको हुदाँ यस नगरपालिका भित्र कोरोना पोजेटिभ देखिएका व्यक्ति तथा उक्त पोजेटिभ देखिएका व्यक्तिको सम्पर्कमा रहेकाहरुको कन्ट्याक्ट ट्रेसिङ मार्फत पि.सि.आर.परिक्षण गरि थप भाईरस फैलिन नदिन विभिन्न अस्पताल तथा ल्याबहरुबाट पि.सि.आर.परिक्षण गर्न कोटेशन माग गर्दा अल्का अस्पताल प्रा.लि.ले सबै भन्दा न्यूनतम दररेट पेश गरेको हुदाँ उक्त अस्पतालसँग सम्झौता गरी पि.सि.आर. जाँच गर्ने । |
| ३. | पहिरो व्यवस्थापन सम्बन्धमा । | • द.न.पा.वडा नं.७ अन्तर्गत पहिरो व्यवस्थापनको लागी मिति २०७७/०८/१४ गतेको नगर प्रमुख स्तरिय निर्णयबाट विपद व्यवस्थापन कोषबाट विनियोजित रकम रु.८,००,०००।- र प्राकृतिक स्रोत प्रभावित क्षेत्र शिर्षकमा विनियोजित रकम रु.१०,००,०००।- गरी जम्मा रु.१८,००,०००।- स्वीकृत गरेकोमा अनुमोदन गर्ने । |
| ४. | विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा । | • मिति २०७७/०७/१७ गते बसेको नगर विपद व्यवस्थापन समितिको निर्णयहरुलाई अनुमोदन गर्ने र समितिको सिफारिसको आधारमा गत वर्षायाममा भएको अविरल बर्षात्को कारणले भएको क्षतिलाई न्यूनिकरण गर्न तत्काल मर्मत सम्भार गरिएको सम्बन्धमा विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने तथा मर्मत सम्भार गर्न आवश्यक को सम्बन्धमा मर्मत सम्भार शिर्षकबाट निम्नानुसारको आयोजना तथा |

प्रतिलिपि प्रमाणित

(दिपक कुमार के.सी.)
प्रमुख प्रशासकीय अधिकृत

क्षेत्रहरुमा निम्नानुसारको बजेट विनियोजन गर्ने ।

तपसिल

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आर्य तारा स्कुल मुनि राधेश्याम कुवँरको घर माथीको पहिरो व्यवस्थापन गर्ने | द.न.पा.३ | रु.२३,०००।- | |
| २ | वडा सदस्य कृष्णकली दर नालको नेपाल राज्य भर कतै जग्गा जमिन र घर समेत नभएको हुदाँ हाल बसोबास गरेको घर गत वर्षात्को समयमा भएको अबिरल वर्षाबाट क्षति भएको हुदाँ मर्मत गरि दिने | द.न.पा.३ | रु.५,००,०००।- | |
| ३ | कृष्ण प्रसाद भट्टराईको घर अगाडी पहिरो रोकथाम गर्ने | द.न.पा.८ | १,००,०००।- | |
| ४ | सिम्पानी बाटो छेउमा पर्खाल निर्माण गर्ने | द.न.पा.८ | १,००,०००।- | |
| ५ | ढेबी ढल व्यवस्थापन | द.न.पा.५ | ५,००,०००।- | |
| ६ | डेबिट गिरीको घर अगाडीको पहिरो व्यवस्थापन | द.न.पा.८ | १,००,०००।- | |
| ७ | बसपार्क - ढेबी सडक ढलान | द.न.पा.५ | ५,००,०००।- | |
| ८ | मान बहादुर स्मृती सहिद पार्क | द.न.पा.८ | ५,००,०००।- | |
| ९ | मनकामना खोलाले गरेको क्षति मर्मत (पार्वती बलामीको घर मुनी) | द.न.पा.६ | ३,००,०००।- | |
| १० | दक्षिणकालीको पहिरो पन्छाउने | द.न.पा.६ | ३५,०००।- | |
| ११ | नर्सिङ महर्जनको घर आगोलागी राहत | द.न.पा.६ | १०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| १२ | राधेश्याम कुश्लेको घर मर्मत राहत | द.न.पा.५ | १५,०००।- | |
| १३ | कृष्ण मन्दिर/लम्कु भम्भु पहिरो व्यवस्थापन | द.न.पा.७ | ३,००,०००।- | |
| १४ | सुनडोल पहिरो व्यवस्थापन तथा पुरिएको मन्दिर जिर्णोद्धार | द.न.पा.९ | २,५०,०००।- | |
| १५ | डठुवन खोल्चाबाट भएको क्षतिको राहत (नानीकाजी खत्री) | द.न.पा.९ | ३०,०००।- | |
| १६ | सिर्जना टोल अगाडीको बाटोबाट भएको क्षति मर्मत | द.न.पा.१ | २,००,०००।- | |
| १७ | पहिरोबाट क्षति भएको बाल उद्यान्न मर्मत | द.न.पा.२ | ३,००,०००।- | |
| १८ | कमेरी खोलाले बिगारेको बाटो मर्मत | द.न.पा.४ | ३,००,०००।- | |
| १९ | दुर्गा बास्तोलाको घर क्षति राहत | द.न.पा.७ | १०,०००।- | |
| २० | बाँनियाको घर क्षति राहत | द.न.पा.९ | १०,०००।- | |
| २१ | खड्ग बहादुर आचार्य क्षेत्रीको घर अगाडी देखी दलित टोलको बाटो मर्मत | द.न.पा.८ | १,५०,०००।- | |
| २२ | चसनदेवी मुनिम खोल्चा देखी भत्तेर चौरको तिरतिरे खोल्चा जाने बाटो मर्मत | द.न.पा.८ | १,००,०००।- | |
| २३ | जुनकिरी स्कुलबाट तलतिर जाने बाटो मर्मत | द.न.पा.३ | २,००,०००।- | |
| | जम्मा | | ४५,३३,०००।- | |

प्रतिलिपि प्रमाणित
(दिपक कुमार के.सी.)
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ५. | आयोजना तथा कार्यक्रम स्थल छनौट सम्बन्धमा । | • यस नगरपालिकाको पाँचौ नगर सभाबाट स्विकृत तपसिल बमोजिमको आयोजना तथा कार्यक्रमहरुको सञ्चालन हुने स्थल स्पष्ट नतोकिएकोमा उक्त आयोजना तथा कार्यक्रमहरुलाई निम्नानुसार सञ्चालन हुने स्थल तोकी सञ्चालन गर्ने । |

(दिपक कुमार के.सी.)
प्र.अ.तथा प्र.अधिकृत

## तपसिल

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | विनियोजित रकम (हजारमा) |
|---|---|---|---|
| १ | बलामी गुठी ब्यबस्थापन | दक्षिणकाली न.पा.वडा नं.९ | २०० |
| २ | बतासे चौर सामुदायिक भवन निर्माण | दक्षिणकाली न.पा.वडा नं.८ | ५०० |
| ३ | भण्डारी गाउँ मोटरबाटो सडक निर्माण | दक्षिणकाली न.पा.वडा नं.१ | ५०० |
| ४ | लाकुरी बोट साउने धाराबाट एघार घर जाने बाटो निर्माण | दक्षिणकाली न.पा.वडा नं.२ | ५०० |
| ५ | वाइबाटोलबाट हासिडोल मोटर बाटो निर्माण | दक्षिणकाली न.पा.वडा नं.८ | ५०० |
| ६ | बृहत खानेपानी योजना | दक्षिणकाली न.पा.वडा नं.५,६,९ | ७७२० |
| ८ | खम्बेडाँडा बाल उद्यान निर्माण | दक्षिणकाली न.पा.वडा नं.८ | ३०० |
| ९ | देउराली तरकारी संकलन केन्द्र निर्माण | दक्षिणकाली न.पा.वडा नं.९ | १००० |
| १० | लप्सी प्रशोधन केन्द्र निर्माण | दक्षिणकाली न.पा.वडा नं.९ | १००० |
| १२ | सामुदायिक भवनमां साँस्कृतिक घर संचालन | दक्षिणकाली न.पा.वडा नं.६ | ५०० |
| १३ | ढुंगा छपाईको मर्मत | दक्षिणकाली न.पा.वडा नं.५, ६ | २००० |
| १४ | कुशुले गाउँ खानेपानी व्यवस्थापन | दक्षिणकाली न.पा.वडा नं.१ | २००० |
| १५ | कलभटको दायाँ बायाँ वाल निर्माण | दक्षिणकाली न.पा.वडा नं.२, ७ | १००० |
| १६ | नगर स्तरीय तरकारी संकलन केन्द्र निर्माण | दक्षिणकाली न.पा. | १००० |
| १७ | प्रतिक्षालय निर्माण | दक्षिणकाली न.पा.वडा नं.१ | ६०० |
| १८ | बाल उद्यान संरचना निर्माण | दक्षिणकाली न.पा.वडा नं. | ५०० |

| | | | |
|---|---|---|---|
| १९ | सम्पदा बस्ती तथा कलात्मक निर्माण | दक्षिणकाली न.पा.वडा नं. ५, ६ | ५००० |

क) प्रतिक्षालय निर्माण रु.१०,००,०००।-

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | फर्पिङ बसपार्क प्रतिक्षालय निर्माण | द.न.पा.५ | रु.४,००,०००।- |
| २ | भञ्याङ चोक प्रतिक्षालय मर्मत | द.न.पा.३ | रु.५०,०००।- |
| ३ | हात्तिवन प्रतिक्षालय | द.न.पा.१ | रु.१,००,०००।- |
| ४ | बासबाँरी प्रतिक्षालय निर्माण | द.न.पा.४ | रु.५०,०००।- |
| ५ | चाल्नाखेल चोक प्रतिक्षालय निर्माण | द.न.पा.१ | रु.१,००,०००।- |
| ६ | दक्षिणकाली गेट प्रतिक्षालय निर्माण | द.न.पा.७ | रु.२,००,०००।- |
| ७ | पिखेल शौचालय नजिक प्रतिक्षालय निर्माण | द.न.पा.३ | रु.१,००,०००।- |
| | जम्मा | | रु.१०,००,०००।- |

(ख) सार्वजनिक शौचालयहरुको व्यवस्थापन रु.८,००,०००।-

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | हात्तिवन सार्वजनिक शौचालय | द.न.पा.१ | रु.४,५०,०००।- |
| २ | पिखेल सार्वजनिक शौचालय | द.न.पा.३ | रु.२,५०,०००।- |
| ३ | फर्पिङ बसपार्क शौचालय व्यवस्थापन | द.न.पा.५ | रु.५०,०००।- |
| ४ | शेषनारायण मन्दिर परिषर शौचालय | द.न.पा.५ | रु.५०,०००।- |

प्रतिलिपि प्रमाणित

(दिपक कुमार के.सी.)
प्रमुख प्रशासकीय अधिकृत

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | | व्यवस्थापन — जम्मा: रु.८,००,०००।- |
| ६. | नगरपालिकाको भवन सम्बन्धमा । | • यस नगरपालिका वडा नं. ५ स्थित श्री त्रिभुवन आदर्श मा.वि. सँग भएको सम्झौता अनुसार त्रिभुवन आदर्श मा.वि.को क्षेत्र भित्र विद्यालय सञ्चालनमा बाधा नपर्ने गरी अस्थाई भवन निर्माण गरी उक्त स्थानबाट नगरपालिकाको सेवा प्रवाह गर्ने । |
| ७. | विविध । | • तत्काल गर्नु पर्ने कार्यहरु सञ्चालन गर्नको लागी मर्मत सम्भार कोष तथा प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्न नगर प्रमुखबाट स्वीकृत गराई सम्झौता तथा भुक्तानी गर्ने र कार्यपालिकाबाट अनुमोदन गर्ने ।<br>• यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्नको लागी प्राप्त प्रस्तावहरु मध्ये मुल्याङ्कन गरी छनौट भएको संस्थासँग नगर प्रमुखद्धारा स्वीकृत गराई सम्झौता गर्ने र कार्यपालिकाबाट अनुमोदन गर्ने ।<br>• चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित आईसोलेसन सेन्टरमा दैनिक ज्यालादारीमा सरसफाई एवं सहयोगीको रुपमा कार्य गर्ने कामदारहरुको हालसम्मको ज्याला भुक्तानी दिने र आईसोलेसन पुनः सञ्चालन भएपछि मात्र निजहरुलाई कामकाजमा लगाउने ।<br>• द.न.पा.८ स्थीत सेता भैरव मन्दिर मर्मतको लागी गत आ.ब.मा आयोजना स्वीकृत भई काम भएकोमा भुक्तानी दिन बाँकी रकम रु.२,००,०००।- भुक्तानी दिने ।<br>• द.न.पा.५ ईखापोखरी विश्राम स्थल मर्मत रु.५०,०००।- विनियोजन गर्ने ।<br>• द.न.पा.२ वडा कार्यालय भवन निर्माण रु.६,००,०००।- विनियोजन गर्ने ।<br>• द.न.पा.४ मा निर्माण भएको बृहत खानेपानी आयोजना सञ्चालन गर्नका लागी सातमुलको उपयुक्त स्थानबाट पानी लैजानको लागी सम्बन्धीत उपभोक्ता समितिलाई स्वीकृती दिने । |

प्रतिलिपि प्रमाणित

(दिपक कुमार के.सी.)
प्रमुख प्रशासकीय अधिकृत